पोखरा महानगरपालिका नगर कार्यपालिका बैठकको निर्णय पुस्तिका

२०७९ जेठ २६ गते (बिहीबार) देखि २०.........सम्म,

निर्णय पुस्तिका नं. १.

Saurabh
Register
No.10

मिति : २०७९/०२/२६ (बिहीबार) स्थान : पोखरा महानगरपालिकाको सभाहल

बैठक संख्या : ०१ समय : दिनको २:०० वजे ।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको पहिलो बैठक पोखरा महानगरपालिकाको सभाहलमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | पदाधिकारीहरुको नाम | पद | दस्तखत | समय |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | | 2.00 |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | | 2.00 |
| ३ | सचिव | श्री बलराम रिज्याल | प्र.प्र.अ. | | 2.00 |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | | 2.00 |
| ५ | सदस्य | श्री दिवस प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | | 2 |
| ६ | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | | 2.42 |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | | 2:40 |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | | 2:15 |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | | 2:00 |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | | 2.05 |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | | 2.92 |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | | 2:45 |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | | 2:40 |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | | 2:42 |
| १५ | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | | 2:40 |
| १६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | | 2:40 |
| १७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | | 2:42 |
| १८ | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | | 2.00 बजे |
| १९ | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | | 2:42 " |
| २० | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | | 2.0 |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | [signature] 02:42 |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | [signature] 2:20 |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | [signature] ३:५ |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | [signature] 2:40 |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | [signature] 2:02 |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | [signature] 2:00 |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | [signature] 2:५ |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | [signature] 2:42 |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | [signature] 2:41 |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | [signature] 2:३० |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | [signature] 2:5 |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | [signature] 2:05 |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | [signature] 2:35 |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | [signature] 2:95 |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | [signature] 2:54 |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | [signature] 02:48 |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | [signature] 2:00 |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | [signature] 2:00 |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | [signature] 2:00 |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | [signature] 2:00 |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | [signature] 2:10 PM |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | [signature] 2:05 PM |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | [signature] 200 |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | [signature] 2:00 |

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा, कास्की

कार्यपालिकाको प्रथम बैठकका निर्णयहरु (मिति २०७९/०२/२६)

निर्णय नं. १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम महानगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाटँबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय भयो ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री धनराज आचार्य | नगर प्रमुख | संयोजक | |
| २. | श्री मञ्जुदेवी गुरुङ | उप-प्रमुख | सदस्य | |
| ३. | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | सदस्य | |
| ४. | श्री देवकृष्ण पराजुली | ,, ,, | सदस्य | |
| ५. | श्री दुर्गा प्रसाद सुवेदी | ,, ,, | सदस्य | |
| ६. | श्री दिपक घिमिरे | ,, ,, | सदस्य | |
| ७. | श्री बलराम रिज्याल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

निर्णय नं. २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम महानगरपालिकामा राजश्व सम्बन्धी परामर्श दिनको लागि देहाय बमोजिम स्थानीय राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

स्थानीय राजश्व परामर्श समितिः

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मञ्जुदेवी गुरुङ | उप-प्रमुख | संयोजक | |
| २ | श्री बलराम रिज्याल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | श्री अमृत प्रसाद तिमिल्सिना | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री हरिमाया विश्वकर्मा | कार्यपालिका सदस्य | सदस्य | महिला |
| ५ | अध्यक्ष वा प्रतिनिधि | उद्योग वाणिज्य संघ पोखरा | सदस्य | |
| ६ | अध्यक्ष वा प्रतिनिधि | उद्योग वाणिज्य संघ लेखनाथ | सदस्य | |
| ७ | अध्यक्ष वा प्रतिनिधि | घरेलु तथा साना उद्योग संघ कास्की | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद तिवारी | राजश्व शाखा प्रमुख | सदस्य सचिव | |

निर्णय नं. ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम महानगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय भयो ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिः

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री मञ्जुदेवी गुरुङ | उप प्रमुख | संयोजक | |
| २. | श्री बोध बहादुर कार्की | कार्यपालिका सदस्य | सदस्य | विषयगत क्षेत्र हेर्ने संयोजकहरु (कार्यपालिका सदस्य) |
| ३. | श्री नरेन्द्र थापा | कार्यपालिका सदस्य | सदस्य | |
| ४. | श्री राधिका कुमारी शाही | कार्यपालिका सदस्य | सदस्य | |
| ५. | श्री रुद्रनाथ बराल | कार्यपालिका सदस्य | सदस्य | |
| ६. | श्री देवकृष्ण पराजुली | कार्यपालिका सदस्य | सदस्य | |
| ७. | श्री बलराम रिज्याल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ८. | श्री भरतराज पौडेल | प्रशासन महाशाखा प्रमुख | सदस्य सचिव | |

निर्णय नं. ४

आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाका लागि देहाय बमोजिम विषयगत समितिहरु गठन गर्ने निर्णय गरियो ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४.६.४ बमोजिम आर्थिक विकास क्षेत्रका आयोजना तथा कार्यक्रम उपर छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिम आर्थिक विकास समिति गठन गर्ने ।

आर्थिक विकास समितिः

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बोध बहादुर कार्की | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री साहारा प्रधान | कार्यपालिका सदस्य | सदस्य | महिला/दलित/अल्पसंख्यकको समेत प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य |
| ३ | श्री किरण बराल | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री गोबिन्द तुलाचन | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री मनोहर कडरिया | महाशाखा प्रमुख | सदस्य | |
| ६ | श्री अनिल कार्की | शाखा प्रमुख | सदस्य सचिव | |

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४.६.४ बमोजिम सामाजिक विकास क्षेत्रका आयोजना तथा कार्यक्रम उपर छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिम सामाजिक विकास समिति गठन गर्ने ।

**सामाजिक विकास समितिः**

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री राधिका कुमारी शाही | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री श्रीकृष्ण लामिछाने | कार्यपालिका सदस्य | सदस्य | महिला/दलित/अल्पसंख्यकको समेत प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य |
| ३ | श्री धनकुमारी पोखेल | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री रामकाजी गुरुङ्ग | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री निर्मला शर्मा | महाशाखा प्रमुख | सदस्य सचिव | |

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४.६.४ बमोजिम पूर्वाधार विकास तथा निर्माण क्षेत्रका आयोजना तथा कार्यक्रम उपर छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिम पूर्वाधार विकास समिति गठन गर्ने ।

**पूर्वाधार विकास समितिः**

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नरेन्द्र थापा | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | सदस्य | महिला/दलित/अल्पसंख्यकको समेत प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य |
| ३ | श्री भरत बहादुर अधिकारी | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री तोरण बहादुर बानियाँ | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री पूर्ण बहादुर गुरुङ | महाशाखा प्रमुख | सदस्य | |
| ६ | श्री लक्ष्मी प्रसाद गौतम | शाखा प्रमुख | सदस्य सचिव | |

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४.६.४ बमोजिम वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका आयोजना तथा कार्यक्रम उपर छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिम वातावरण तथा विपद व्यवस्थापन समिति गठन गर्ने ।

वातावरण तथा विपद व्यवस्थापन समितिः

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रुद्रनाथ बराल | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री दिपेन्द्र मर्सानी | कार्यपालिका सदस्य | सदस्य | महिला/दलित/अल्पसंख्यकको समेत प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य |
| ३ | श्री मोतीलाल तिमिल्सीना | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री सुरेन्द्र पाण्डे | महाशाखा प्रमुख | सदस्य | |
| ६ | श्री कल्पना बराल | शाखा प्रमुख | सदस्य सचिव | |

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४.६.४ बमोजिम संस्थागत विकास तथा सुशासन क्षेत्रका आयोजना तथा कार्यक्रम उपर छलफल विश्लेषणर प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिम संस्थागत विकास तथा सुशासन समिति गठन गर्ने ।

संस्थागत विकास तथा सुशासन समितिः

| क्र. सं. | नाम थर | पद/ तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री देवकृष्ण पराजुली | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री गंगा बहादुर खत्री | कार्यपालिका सदस्य | सदस्य | महिला/दलित/अल्पसंख्यकको समेत प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य |
| ३ | श्री राजेश गुरुङ | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री भरतराज पौडेल | महाशाखा प्रमुख | सदस्य | |
| ६ | श्री किरण कोइराला | शाखा प्रमुख | सदस्य सचिव | |

निर्णय नं. ५

महानगरपालिकाबाट देहायका सामुदायिक विद्यालयहरुका लागि लागत साझेदारीमा बस खरिद गर्न स्वीकृत वजेट तथा कार्यक्रमको परिधिभित्र रही पोखरा महानगरपालिका र टाटा कम्पनी, भारतका नेपालस्थित आधिकारिक बिक्रेता श्री सिप्रदी ट्रेडिङ प्रा.लि. बीच सम्झौता भई खरिद प्रक्रिया अघि बढाइएकोमा भन्सार छुट प्रक्रिया नटुंगिएको कारण ढिला हुन गएको हुँदा सम्झौताको म्याद मिति २०७९।०३।२० सम्म थप एवं कार्यादेश संशोधन गर्ने गरी गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र. सं. | विद्यालयको नाम |
|---|---|
| १. | श्री त्रिभुवन शान्ति मा. वि., पोखरा - ३० |

| | |
|---|---|
| २. | श्री जनप्रकाश मा. वि., पोखरा - २९ |
| ३. | श्री अमरसिद्ध नमूना मा. वि., पोखरा - ३१ |
| ४. | श्री ब्रम्हरुपा मा. वि., पोखरा - ३२ |

निर्णय नं. ६

नेपाल शहरी शासकीय तथा पूर्वाधार परियोजना र पोखरा महानगरपालिका बीच ५ मार्च २०२१ मा भएको साझेदारी सम्झौता अन्तर्गत तालचोक-बेगनास सडक स्तरोन्नती योजनाको प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकनबाट श्री स्वच्छन्द सपना वर्ल्डवाइड जे.भी., काठमाण्डौले प्रस्ताव गरेको रकम रु. ७५,४८,६७,८७३।९४ (अक्षेरेपी पचहत्तर करोड अड्चालिस लाख सट्सठ्ठी हजार आठ सय त्रिहत्तर रुपैया र चौरानब्बे पैसा मात्र) को बोलपत्र ठेक्का स्वीकृत गर्ने । स्वीकृत बोलपत्र ठेक्का बमोजिम सम्झौता गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय भयो ।

निर्णय नं. ७

पोखरा महानगरपालिका वा अन्तर्गतका वडा कार्यालयलाई विपक्षी बनाई अदालतमा पर्ने मुद्दाहरुको सम्वन्धमा महानगरपालिकाको तर्फबाट सम्मानित सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा अन्य न्यायिक वा अर्धन्यायिक निकायमा चल्ने र हाल सम्म चलिरहेका मुद्दा पुर्पक्षका लागि वादी, प्रतिवादी, पुनरावेदन, निवेदन, प्रतिउत्तर, प्रतिवाद वा लिखित जवाफ दर्ता गर्न, मुद्दाको पुर्पक्ष गर्न एवं मुद्दा प्रतिरक्षा समेतका कार्य गर्नको लागि महानगरपालिकाका तर्फबाट नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने र १ देखि ३३ नं. वडा कार्यालय एवं वडा समितिको तर्फबाट सम्बन्धित वडाको वडा अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

महानगरपालिकाका चालु आर्थिक वर्षमा कार्य आरम्भ हुन नसकेका र तत्काल खरिद गरी कार्य गर्न अत्यावश्यक भएका देहाय बमोजिमका योजना तथा कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ को उपदफा (५) बमोजिमको प्रक्रिया पुरा गरी बहुवर्षीय खरिद प्रक्रिया आरम्भ गर्ने र नपुग रकम आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा व्यवस्था गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

| क्र.सं. | खर्च शीर्षक | कार्यक्रम वा योजनाको नाम | विनियोजित रकम | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १. | २६४१२ | राष्ट्रिय भूमि आयोगको भूमि समस्या समाधान व्यवस्थापन परामर्श सेवा (करिब २०,००० जना भूमिहिनको लगत प्रविष्टी) | ३०,००,०००।- | १४,००,०००।- | चालु वर्षमा शुरु गरी आगामी वर्षसम्म निरन्तर कार्य गर्नुपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ३११५१ | मासवार पोखरी देखि नुवार्थोकसम्म अपुरो बाटो र नाला निर्माण शिव मार्ग | ३०,००,०००।- | ४४,६७,२१३.०७ | आगामी वर्षसम्म निरन्तर हुने |

निर्णय नं. ९

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८ बमोजिम दर्ता गर्नुपर्ने घटना मध्ये जन्म, मृत्यु र विवाह तोकिएको म्याद (३५ दिन) भित्र गर्न आएमा विपन्न, न्यून आय भएका र सीमान्तकृत समुदायका व्यक्तिलाई जन्मको हकमा २ (दुई) वर्ष सम्म पोषण खर्च र विवाह एवं मृत्युका हकमा एकपटकलाई सहायता स्वरुप तोकिएको रकम सम्बन्धित वडा कार्यालयको सिफारीसमा पोषण भत्ता स्वरुप प्रोत्साहन रकम उपलब्ध गराउने । यसका लागि कार्यविधि तयार गरी आगामी आर्थिक वर्षदेखि कार्यान्वयन शुरु गर्ने निर्णय भयो ।

निर्णय नं. १०

शीघ्र एवं द्रुत सेवा प्रवाह, तत्काल मर्मत सम्भार तथा निर्माण कार्य, आकस्मिक कार्य र विपद् पूर्व तयारी तथा प्रतिकार्य सेवा सम्वन्धी कार्य सम्पादन गर्न महानगरपालिका कार्यालयका विभिन्न शाखा/एकाइलाई पुनसंरचना गरी एक आकस्मिक सेवा व्यवस्थापन महाशाखा गठन गर्ने । यसरी गठन हुने महाशाखामा निरीक्षण, नगर प्रहरी, दमकल, मेकानिकल/मर्मत संम्भार र विपद् व्यवस्थापन शाखाहरु समावेश गर्ने । सो प्रयोजनको लागि देहायको संगठन संरचना र कार्य विवरण सहितको प्रस्ताव तयार गरी आगामी नगर सभामा पेश गर्ने । सो महाशाखाका लागि बजेट तथा कार्यक्रम समेत तयार गर्ने निर्णय गरियो ।

(क) **आकस्मिक सेवा व्यवस्थापन महाशाखाको प्रस्तावित दरबन्दी**

| सि. नं. | पदको नाम | तह | संख्या |
|---|---|---|---|
| १. | अधिकृत (प्रशासन) | नवौं तह | १ (एक) |
| २. | मेकानिकल इन्जिनियर | सातौं तह | १ (एक) |
| ३. | सिभिल इन्जिनियर | छैटौं तह | १ (एक) |
| ४. | सब इन्जिनियर (सिभिल) | पाँचौं तह | २ (दुई) |
| ५. | सहायक (प्रशासन) | पाँचौं /चौथो तह | १ (एक) |
| ६. | हेभी/हलुका सवारी चालक | प्रथम/द्वितीय तह | १ (एक) |
| ७. | कार्यालय सहयोगी | प्रथम तह | १ (एक) |
| ८. | स्वीपर/कुचिकार | श्रेणी विहीन | ५ (पाँच) |
| | जम्मा | | १३ (तेह्र) |

**नोटः**

१. द्रुत सेवा, शीघ्र एवं तत्काल मर्मत संभार र निर्माण वा आकस्मिक सेवाका लागि महानगरले Rapid Action Team बनाई कार्य गर्नेछ ।

२. सवारीचालक, कार्यालय सहयोगी, स्वीपर/कुचीकारो व्यवस्था सेवा करारबाट गरिनेछ ।

(ख) महाशाखाको कार्यविवरण

१. शीघ्र वा द्रुत रुपमा सम्पादन गर्नुपर्ने कार्य वा सेवाको उचित व्यवस्थापन गर्ने,

२. आकस्मिक सेवाको व्यवस्थापन गर्ने,

३. विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

४. कल सेन्टरको व्यवस्थापन र सञ्चालन गर्ने,

५. अन्य सम्बद्ध निकाय एवं सरोकारवालाहरुसँग समन्वय, सहजीकरण र सहकार्य गर्ने,

६. तत्काल र जरुरी कार्यको सम्पादन गर्ने र यसका लागि आफू मातहतका शाखा वा आवश्यकता अनुसार अन्य जनशक्तिलाई समेत परिचालन गर्ने र सम्बन्धित क्षेत्रका विज्ञ वा परामर्शदाताको सेवा लिने,

७. नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निगरानी र निर्देशनमा कार्य गर्ने,

८. तत्काल वा द्रुत वा शीघ्र वा आकस्मिक रुपमा सम्पादन गर्नुपर्ने कार्यको तालिका वा समयसारिणी नगरप्रमुखद्वारा प्रमाणित गराएर दुरुस्त गर्ने,

९. द्रुत वा शीघ्र सेवा र विपद् कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतको अधिकार प्रयोग गर्ने,

१०. महाशाखाले गर्नुपर्ने कार्यको पूर्व, चालु र सम्पन्नताको जानकारी वा सूचना तत्काल नगरप्रमुख वा तोकेको अधिकारीलाई गराउने,

११. महाशाखा वा अन्तर्गतको जिन्सी वा लगतीको अभिलेख दुरुस्त राख्ने,

१२. आकस्मिक सेवाको लगत, लगबुक र अभिलेख राखी साप्ताहिक रुपमा नगर प्रमुखसमक्ष पेश गर्ने,

१३. नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले निर्देशन गरेका अन्य कार्य गर्ने ।

निर्णय नं. ११

पोखरा महानगरपालिका अन्तर्गत विभिन्न क्षेत्रमा उत्सर्जन हुने घरायसी, मलमुत्र एवं बायोमेट्रिक फोहोरको व्यवस्थापन गर्न कार्यपालिकाको ५५ औं बैठकबाट साविक भरतपोखरी गा.बि.स. वडा नं. ५ र ६ हाल पोखरा महानगरपालिका वडा नं. ३३ टिउरपाटामा स्थापना गर्ने र सोको जग्गा प्राप्ति प्रक्रिया समेत अघिबढाउने निर्णय गरेकोमा शीघ्र सेनेटरी ल्याण्डफिल्ड साइट निर्माण गर्नको लागि अध्ययन, जग्गा प्राप्ति, सडक पूर्वाधार एवं सञ्चालनको तयारी लगायतका काम कार्ययोजना बनाई तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १२

सुन्दर नगरी पोखरा प्रकृति, तालतलैया, हिमश्रृंखलाको दृश्यावली, जैविक विविधता, धार्मिक-ऐतिहासिक-पुरातात्विक सम्पदा, पर्यावरण र खोँच गुफा लगायतका भू-बनावटका कारण विश्वकै आकर्षक पर्यटकीय गन्तव्यका रुपमा रहेको छ । यस शहरमा विकास र निर्माण भएका पर्यटन पूर्वाधार, हवाइ तथा स्थलमार्ग एवं गण्डकी प्रदेशको राजधानी, देशको दोस्रो ठूलो शहर र व्यवस्थित शहरका कारण सबै जनजनको मनमनमा पोखरा रमेको पाइन्छ । गण्डकी प्रदेश सरकारले समेत पोखरालाई पर्यटकीय राजधानी बनाउने गरी नेपाल सरकारसमक्ष अनुरोध गरिसकेको छ । पोखरा महानगरपालिकाको भिजन-२१०० रणनीतिक सोँचपत्र एवं त्रिवर्षीय योजनामा समुन्नत पर्यटकीय शहर बनाउने दीर्घकालीन सोँच र लक्ष्य राखिएको छ । महानगरका सम्पूर्ण परियोजना र कार्यक्रमहरु यसै दिशामा केन्द्रित रहेका छन् । धवलागिरी, अन्नपूर्ण र मनास्लु हिमश्रंखलाको काख तथा फेवा, बेगनास र रुपा सहितका सात ताल सहितको प्रकृति र पर्यावरणले पोखरालाई विश्वमा नै पर्यटकीय केन्द्रको रुपमा पहिचान दिएको छ । त्यसैले नेपाल आउने जनुसुकै संघसंस्थाका प्रतिनिधि वा निजी व्यक्तिहरु समेत पोखरालाई अपरिहार्य भ्रमणको सूचीमा राख्छन् र यहाँको व्यवस्थित विकासप्रति चासो र महत्व दिन्छन् । यसर्थ पोखरा विश्व एवं नेपालको पर्यटनको केन्द्र भएको तथ्य दोहोराइरहनु पर्दैन । यस वास्तविकतालाई आत्मसात गरी पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषदसमक्ष प्रस्ताव लैजान संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयमा सिफारिससाथ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

पोखरा प्रकृति, पर्यावरण, भूसंरचना, तालतलैया, हिमश्रृंखलाको मनोरम दृश्य, धार्मिक, सांस्कृतिक सम्पदा एवं मठमन्दिर, खोँच, गुफा चुचुरा लगायतका यावत क्षेत्रमा अतुलनीय र वैभवशाली छ । यी सबै धरोहरले युक्त हुने गरी र यहाँको मौलिक पहिचान झल्किने वा पर्यटकीय शहर पोखरा भनी चिनाउने गरी चिनो वा स्मारक (Monument) निर्माण गर्नु अत्यन्त जरुरी छ । अमेरिकाको Statue of Liberty, लण्डनको London Bridge. पेरिसको Eiffel Tower, नयाँ दिल्लीको India Gate, काठमाण्डौको धरहरा, हेटौंडाको शहिद स्मारक जस्तै पोखरा स्मारक वा यस्तै कुनै संरचना बनाउन आवश्यकता महसुस भएको छ । पोखराको समृद्धिको सम्भावना रहेको पर्यटन उद्योगलाई प्रवर्द्धन गरी देशको आर्थिक समृद्धि र विकासका लागि योगदान दिन पनि यस्ता धरोहरको महत्वपूर्ण स्थान रहने भएकोले सिर्जनात्मक विचार वा आइडिया भएका जुनसुकै नेपाली नागरिकले महानगरपालिका कार्यालयमा पेश गर्न दुई महिनाको समय दिई सार्वजनिक सूचना आव्हान वा प्रकाशन गर्ने । यसरी सूचनामा पोखरा हो भनेर चिनिने पोखरा स्मारक निर्माणार्थ थ्री डी सहितको उत्कृष्ट डिजाइन तयार गरी पोखरा महानगरपालिका तोकिएको शर्तका आधारमा पेश हुन आएका डिजाइनको प्रस्ताव मध्ये प्रथम हुने

डिजाइनलाई रु.दुई लाख, द्वितीय हुनेलाई रु. एक लाख र तृतीय हुनेलाई रु.पचास हजार प्रोत्साहन स्वरुप पुरस्कार उपलब्ध गराउने निर्णय गरियो । यसका लागि प्रक्रिया शुरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा स्रोत व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १४

महानगरपालिकाको स्वीकृत दरबन्दीका प्राविधिक कर्मचारीको पद रिक्त भएमा महानगरपालिकाको सहज सेवा प्रवाहको लागि आवश्यक प्राविधिक कर्मचारी तत्काल कानून बमोजिम करारमा व्यवस्थापन गर्न **"सेवा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९"** स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधिको मस्यौदा अनुसूची-१ मा संलग्न छ ।

निर्णय नं. १५

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भवन कार्यक्षेत्र, सेवाग्राही एवं कर्मचारी संख्याका अनुपातमा साँघुरो र अपर्याप्त भएको, कर्मचारी संख्या कार्यालयको आन्तरिक संरचना र कोठाको संरचना समेत नमिलेको कारण नागरिकलाई प्रदान हुने सेवा प्रभावकारी नभएको हुँदा विभिन्न कार्यकक्षहरु निर्माण गर्ने, कार्यालय प्रवेश गर्ने गेटलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने र सहायता कक्ष, सेवा प्रवाह कक्ष (Service Counter) हरु निर्माण गर्ने र सेवाग्राहीलाई एकै द्वारबाट सहज, सरल र शीघ्र सेवा प्रदान गर्ने व्यवस्था मिलाउन भवनको आन्तरिक संरचना निर्माण गर्ने निर्णय भयो । यी कार्यका लागि चालु आर्थिक वर्षमा स्वीकृत बजेटको मिल्दो खर्च शीर्षकबाट व्यवस्थापन गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १६

महानगरपालिकाले सञ्चालन गरिरहेको महिला हिंसा विरुद्ध पुरुषको ऐक्यबद्धताका लागि महिला पुरुष सचेतना कार्यक्रमलाई कार्ययोजना तयार गरी थप प्रभावकारी रुपमा सञ्चालन गर्ने र यसका लागि आगामी बजेट तथा कार्यक्रममा आवश्यक स्रोत व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

अपाङ्ग बालबालिकाहरु विभिन्न कारणले विद्यालयमा भर्ना भई सहज रुपमा शिक्षा लिन असमर्थ हुने र शिक्षाको उज्यालोबाट बञ्चित भइरहेको अवस्था विद्यमान भएको हुँदा अपांग बालबालिकाका लागि शिक्षामा समान पहुँच कार्यक्रम यथाशीघ्र सञ्चालन गर्ने र यसका लागि आगामी वर्षको बजेट तथा कार्यक्रममा आवश्यक स्रोत व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

पोखरा महानगरपालिका नगर कार्यपालिकाको हाल रहेको कार्यालय भवन, कार्यक्षेत्र, सेवाग्राही एवं कर्मचारी संख्याको हिसाबले अत्यन्त साँघुरो र अपर्याप्त भएको, चालु आर्थिक वर्षमा निर्माण शुरु गर्न शिलान्यास गरिएको प्रशासनिक भवन समेत स्थानीय वासिन्दा तथा निर्माण व्यवसायीका कारण निर्माण प्रारम्भ गर्न नसकिएकोले सबै एकाइ एकै स्थानमा रहने गरी नयाँ भवन निर्माण प्रक्रिया अगाडी बढाउने प्रयोजनका लागि उपयुक्त जग्गा वा स्थान खोजी सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय भयो ।

१. अध्यक्ष वडा नं. २ श्री दिवशमान प्रधानाङ्ग

२. अध्यक्ष वडा नं. १७ श्री राधिकाकुमारी शाही

३. पूर्वाधार महाशाखा प्रमुख ई. पूर्णबहादुर गुरुङ्ग

निर्णय नं. १९

महानगरपालिकाको दैनिक कार्यप्रणालीलाई सरल, सहज र व्यवस्थित रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ को उपदफा (१) बमोजिम देहाय बमोजिमका अधिकार नगर प्रमुखलाइ प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१. स्वीकृत बजेटका अधिनमा रही अवन्डा रकम बाँडफाँड गर्ने,

२. विनियोजन ऐनको अधिनमा रही कार्यक्रम संशोधन गर्ने,

३. महानगरपालिकाका ऐन, नियम र कार्यविधिको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने,

४. स्वास्थ्य उपचार तथा आकस्मिक सेवाको लागि एकपटकमा रु. १० हजार सम्म आर्थिक सहायता प्रदान गर्ने ।

निर्णय नं. २०

पोखरा महानगरपालिकाको आगामी ११ औं नगर सभा मिति २०७९ आषाढ ८ गते पूर्वान्ह ११.०० बजे नगर सभाहलमा बस्ने निर्णय गरियो ।

निर्णय नं. २१

पोखराका प्रायः सबै वडाहरुमा उपयुक्त किसिमको सार्वजनिक शौचालय नभएको कारण पर्यटक, यात्रु तथा बटुवाहरुलाई असहज भएको छ । सभ्यता, सरसफाइ र शहरीकरण लगायतका विकासका कारण पनि सुविधायुक्त शौचालय अत्यावश्यक देखिएकोले आगामी आर्थिक वर्षभित्र सबै वडामा कम्तीमा एउटा आधुनिक सुविधाजनक सार्वजनिक शौचालय निर्माण गर्न उपयुक्त स्थान यकिन गरी असार मसान्त भित्र पेश गर्न सम्पूर्ण

वडा कार्यालयहरुलाई निर्देशन दिने साथै यसको लागि आवश्यक सहजीकरण वडा अध्यक्षले गर्ने र निर्माण कार्यका लागि आगामी आर्थिक वर्षका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

पोखरा बजारका मुख्य क्षेत्रमा सार्वजनिक शौचालय नभएकाले यात्रुहरुलाई पर्न गएको असहजतालाई ध्यानमा राखी आफ्नो शौचालय सार्वजनिक प्रयोजनको लागि उपलब्ध गराउन सबै संघसंस्था, बैंक तथा वित्तीय संस्था, होटल वा रेष्टुरेण्टहरुलाई सार्वजनिक रुपमा आव्हान गर्ने । यसरी उपलब्ध हुने शौचालय सबैको चिनारीको लागि महानगरपालिकाले उपयुक्त संकेत/चिन्हको व्यवस्था गर्ने । आफ्नो शौचालय उपलब्ध गराउने व्यक्ति वा संघसंस्थालाई महानगरपालिकाकातर्फबाट आवश्यक सहुलियत, सुविधा वा सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २३

पोखरा महानगरपालिका क्षेत्रभित्र शहरी बेरोजगारहरुको संख्या दिनप्रतिदिन बढ्दो छ । यो समस्या निराकरणका लागि १८ वर्ष माथिका शिक्षित वा अशिक्षित बेरोजगार व्यक्तिहरुलाई उत्पादनसँग जोड्दै स्वरोजगार बनाउन आवश्यक देखिन्छ । यसर्थ, महानगरपालिकामा रहेका शिक्षित वा अशिक्षित बेरोजगार/अर्धबेरोजगार दुवै थरी व्यक्तिहरुको तथ्यांक निर्दिष्ट ढाँचामा तयार गरी ४५ दिन भित्र संकलन गर्ने र रोजगार बैंकको स्थापना गर्ने । यसरी रोजगार बैंकका लागि तथ्यांक संकलन गर्दा आधारभूत तथ्याङ्का साथै सम्वन्धित व्यक्तिको रुची, सीप र दक्षता समेत समावेश हुने गरी तोकिएको फारम प्रयोग गर्ने र आवश्यकता अनुसार सीप विकास, स्वरोजगार उद्यमशीलता एवं आर्थिक स्रोत परिचालनको Model तयार गर्ने निर्णय भयो ।

निर्णय नं. २४

आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम, आय व्यय, बजेट वक्तव्य र आर्थिक ऐन तत्काल निर्माण गर्न जरुरी भएकाले कार्यपालिकाको अर्को बैठक आगामी ज्येष्ठ ३१ गते मंगलबार अपरान्ह ३ : ०० बजे महानगरपालिकाको सभाकक्षमा बस्ने निर्णय गरियो ।